"पर्यटकीय नगरी"
"Touristy Municipal"

# सूर्योदय नगरपालिका
SURYODAYA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

फिक्कल, इलाम
१ नं. प्रदेश नेपाल

प.सं.२०७८/०७९/योजना
च.नं. 3968

मिति : २०७९।०३।२२

बिषय : आ.व.०७८/०७९ को भुक्तानी बन्द हुने सम्बन्धमा ।

श्री विषयगत शाखा/ उपशाखा/ परियोजना/ कार्यक्रम/ इकाई, (सबै), सू.न.पा., इलाम ।
श्री वडा कार्यालय, (सबै), सू.न.पा., इलाम ।
श्री सम्पूर्ण निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरू, सू.न.पा., इलाम ।
श्री सम्पूर्ण संघ/ संस्था तथा सरोकारवालाहरू, सू.न.पा., इलाम ।

प्रस्तुत बिषयमा कोष तथा लेखा नियन्त्रक कार्यालय, इलामको च.नं.१०२८, मिति २०७९/०३/२२ गतेको पत्र यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । सो पत्रानुसार मिति २०७९/०३/२४ गतेबाट आ.व.०७८/०७९ को भुक्तानी प्रणाली बन्द हुने भएकोले सम्बन्धित विषयगत शाखा/ उपशाखा/ परियोजना/ कार्यक्रम/ इकाई, वडा कार्यालय तथा सम्पूर्ण सरोकारवाला निकायहरूले सूर्योदय नगरपालिका अन्तर्गत संचालित भुक्तानी लिन बाँकी रहेका आयोजना तथा कार्यक्रमहरूको मिति २०७९/०३/२४ गतेभित्र भुक्तानी लिईसक्नु पर्ने व्यहोरा अनुरोध छ । उक्त समयसीमासम्म भुक्तानीका लागि पेश नगरेमा वा भुक्तानी नलिएमा कार्यालय जवाफदेही नहुने र स्वयं सरोकारवाला नै जिम्मेवार हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

मिलन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
श्रीमान् नगर प्रमुखज्यू, नगर प्रमुखज्यूको निजी सचिवालय, सू.न.पा., इलाम ।
श्रीमान् नगर उप-प्रमुखज्यू एवम् सू.न.पा. आयोज़ना अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण समितिका संयोजकज्यू, सू.न.पा., इलाम

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

☎ ०२७५२००३८

# कोष तथा लेखा नियन्त्रक कार्यालय

इलाम

पत्र संख्या :- २०७८/०७९
चलानी नं.: १०५८

दर्ता नं.: ५८४४
2065/3/22

मिति :- २०७९/०३/२२

विषय : आ व २०७८।७९को भुक्तानी बन्द हुने सम्बन्धमा ।

श्री जिल्ला स्थित सम्पुर्ण सरकारी कार्यालयहरु
इलाम ।

प्रस्तुत विषयमा महालेखा नियन्त्रक कार्यालयको च नं २७४ मिति २०७९।०३।२२ को संलग्न पत्र र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को प्रतिलिपी यसै साथ संलग्न गरी पठाइएको छ सो को अध्ययन गरी अनिवार्य रुपमा कार्यान्वयन गर्नु गराउनुहुन अनुरोध छ ।

भूमिराज भूसाल
प्रमुख कोष नियन्त्रक

प्रमुख कोष नियन्त्रक

2065/3/22

नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

पत्र संख्या: २०७८/७९/४.१

मितिः २०७९।०३।२२

चलानी नं.: ९७४

विषय: आ व २०७८/७९ को भुक्तानी प्रणालीहरु बन्द हुने सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरु

श्री प्रदेश लेखा नियन्त्रक कार्यालयहरु

श्री प्रदेश लेखा ईकाईहरु ।

उपरोक्त सम्बन्धमा आ व २०७८/७९ को भुक्तानी निकासा नेपाल सरकारका कार्यालयहरुको हकमा आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (१) र (२) अनुसार TSA र CGAS प्रणालीहरु सञ्चालनमा रहने र प्रदेश सरकार तथा स्थानीय तहको हकमा प्रदेशका TSA, CGAS र SuTRA सोही नियमावलीको नियम ३० को उपनिमय (७) र (८) अनुसार मात्र सञ्चालन भइ सम्बन्धित प्रणालीहरु बन्द हुने व्यहोरा सम्बन्धित कार्यालय र स्थानीय तहहरुलाई जानकारी गराउन महालेखा नियन्त्रक कार्यालयको मिति २०७९/०३/२२ को निर्णयानुसार अनुरोध छ ।

(चित्र बहादुर के सी)
लेखा अधिकृत

आवधिक नगद योजना (पिरियोडिक क्यास प्लान) तर्जुमा गर्नु पर्नेछ।

३०. **आर्थिक वर्ष समाप्त हुनु अघि भुक्तानी निकासा बन्द गर्नु पर्ने:** (१) कार्यालयले विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको शीर्षकको रकम बाहेक भुक्तानी दिनु पर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको अवधि समाप्त भएपछि कार्यालयलाई कार्यक्रम संशोधन भई थप बजेट प्राप्त भएमा, खर्चको स्रोत परिवर्तन भएमा वा अति आवश्यक काम परी खर्च गर्नु परेमा त्यस्तो खर्च पुष्ट्याइँ गर्ने बिल, भरपाई, बजेट थप भएको प्रमाण र अन्य कागजातसहित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गरी भुक्तानी निकासा माग गर्न सकिनेछ। त्यसरी भुक्तानी निकासा माग भइआएमा कोष तथा लेखा नियन्त्रक कार्यालयले प्राप्त बिल, भरपाई र सोसाथ संलग्न कागजात परीक्षण गर्दा भुक्तानी निकासा दिन आवश्यक देखेमा सम्बन्धित व्यक्ति वा फर्मको नाममा भुक्तानी निकासा दिनु पर्नेछ।

तर कोष तथा लेखा नियन्त्रक कार्यालयले बिल, भरपाई र संलग्न अन्य कागजात परीक्षण गर्दा भुक्तानी निकासा दिन नमिल्ने देखेमा सो कुरा जनाई भुक्तानी आदेश सम्बन्धित कार्यालयमा फिर्ता पठाउनु पर्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि हिसाब मिलान गर्ने तथा खर्च लेखी राजस्व खातामा रकम जम्मा गर्ने प्रयोजनमा बाहेक आर्थिक वर्षको अन्तिम दिन भुक्तानी निकासा दिइने छैन।

(४) कोष तथा लेखा नियन्त्रक कार्यालयबाट असार मसान्तसम्म जारी भएको चेक वा विद्युतीय कोषको भुक्तानी कुनै कारणले पन्ध्र दिनभित्र नसाटिएमा वा भुक्तानी पाउनेको खातामा रकम जम्मा नभएमा सम्बन्धित कार्यालयबाट निकासा र खर्च घटाई भुक्तानी आदेशसहित साउन एक्काईस गतेभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकासा र खर्च समायोजनको लागि पठाउनु पर्नेछ।

(५) कार्यालयले उपनियम (४) बमोजिम निकासा र खर्च घटाइसकेपछि वार्षिक आर्थिक विवरण तयार गरी प्रमाणित गर्नको लागि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

(६) उपनियम (१) बमोजिम कार्यालयले लेखा अद्यावधिक राखे वा नराखेको र आवश्यक विवरण तयार गरे वा नगरेको सम्बन्धमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले निरीक्षण गर्न सक्नेछ। यसरी निरीक्षण गर्दा लेखा अद्यावधिक राखेको नदेखिएमा तुरुन्त अद्यावधिक गर्न लगाई सोको जानकारी तालुक कार्यालय र महालेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(७) प्रदेश तथा स्थानीय तहको विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको खर्च शीर्षकको हकमा बाहेक अन्य बजेट शीर्षक अन्तर्गत पर्ने भुक्तानी दिनु पर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाडि भुक्तानी दिई लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्नेछ।

(८) उपनियम (७) बमोजिम प्रदेश तथा स्थानीय तहले लेखा अद्यावधिक गरी खाता बन्द गरे वा नगरेको सम्बन्धमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले अनुगमन गर्न सक्नेछ। त्यसरी अनुगमन गर्दा लेखा अद्यावधिक

गरी भुक्तानी निकासा बन्द नगरेको पाइएमा कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई त्यस्तो लेखा अद्यावधिक गर्न र भुक्तानी निकासा बन्द गर्न लगाउन सक्नेछ।

(९) कोष तथा लेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष समाप्त भएको तीन दिनभित्र भुक्तानी हुन बाँकी चेकको विवरण सम्बन्धित बैङ्कमा पठाउनु पर्नेछ। बैङ्कले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित विवरण अनुसारको चेकको मात्र भुक्तानी दिनु पर्नेछ।

(१०) स्थानीय तहले आर्थिक वर्ष समाप्त भएको तीन दिनभित्र भुक्तानी हुन बाँकी चेकको विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ। कोष तथा लेखा नियन्त्रक कार्यालयले त्यस्तो विवरण प्राप्त भएकै दिन प्रमाणित गरी सम्बन्धित बैङ्कमा पठाउनु पर्नेछ।

(११) स्थानीय तहले बैङ्कमा खाता खोल्ने र बन्द गर्ने सम्बन्धमा कोष तथा लेखा नियन्त्रक कार्यालयले दिएको सुझाव कार्यान्वयन गर्नु पर्नेछ।

३१. **कार्यसम्पादन करार तथा पुरस्कृत गर्ने मापदण्डः** (१) ऐनको दफा १९ को उपदफा (५) बमोजिम गरिने कार्यसम्पादन करारमा देहायका विषयहरू उल्लेख गर्नु पर्नेछः-

(क) कार्यालयको उद्देश्य,

(ख) उद्देश्य प्राप्तिको लागि सम्पादन गर्नु पर्ने कार्य तथा कार्यालयबाट प्रदान गरिने सेवा,

(ग) स्वीकृत बजेट तथा कार्यक्रम र सो अनुसार गरिने क्रियाकलाप,

(घ) हासिल गर्नु पर्ने उपलब्धि, प्रत्येक उपलब्धिको अङ्क भार र उपलब्धि अनुसारको प्राप्त अङ्क,